इमेलः moiaffairsandlaw7@gmail.com
टोल फ्रि नं. १६६०९१५६६८८
फोन नं.०९१-५२६६८८
५२६९३४ (प्रशासन)
एक्सटेन्सन नं.५२६६८८

# सुदूरपश्चिम प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानुन मन्त्रालय
धनगढी, कैलाली, नेपाल

प.सं.२०८३।०८४ | च.नं. | मितिः- २०८३।०६।०७

**विपद्को जोखिम न्यूनीकरण, उच्च सतर्कता र सुरक्षा प्रबन्धका लागि अपिल**

नेपाल मौसम विज्ञान विभागद्वारा मिति २०८३ असोज ६ गते, मंगलबार जारी गरिएको विशेष मौसमी बुलेटिनअनुसार आगामी असोज ९ गते शुक्रबारदेखि असोज ११ गते आइतबारसम्म सुदूरपश्चिम प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङ/हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा हुने सम्भावना रहेको छ। विभागका अनुसार उत्तर अन्डमान सागर तथा आसपासको क्षेत्रमा विकसित न्यून चापीय क्षेत्र (Low Pressure Area) हाल बङ्गालको खाडीको मध्य भू–भाग आसपासमा रहेको र उक्त प्रणाली थप शक्तिशाली बन्दै Deep Depression (बलियो न्यून चापीय क्षेत्र) को रूपमा विकसित भई पश्चिम-उत्तरपश्चिम दिशातर्फ सर्ने देखिए छ। उक्त प्रणालीको प्रभावका कारण बुधबारदेखि नै कोशी, बागमती र गण्डकी प्रदेशका केही स्थानमा मध्यम वर्षा हुने सम्भावना रहेकोले सुदूरपश्चिम प्रदेशका प्रमुख सचिव श्री उत्तर कुमार खत्री ज्युको अध्यक्षतामा मिति २०८३ असोज ७ गते बसेको मनसुन प्रतिकार्य कमाण्ड पोष्टको बैठकबाट जिल्ला विपद व्यवस्थापन समिती र स्थानिय तहहरुलाई समन्वयात्मक रुपमा आवश्यक सतर्कता अपनाउन र सम्भावित बर्षाको कारणले भु-क्षय, बाढी, पहिरो लगाएतबाट उच्च जोखिममा रहने सम्भावित स्थान र नदी तटीय क्षेत्र आसपास जोखिम न्युनिकरण हुने गरी पुर्व तयारीका साथ सतर्क रहन आम सर्वसाधारण र सबैमा अपिल गर्ने निर्णयानुसार तपशिल बमोजिम आवश्यक सतर्कता अपनाउन अपिल गरिन्छ।

**भारी वर्षाका कारण पहाडी क्षेत्रमा बाढी, पहिरो तथा तराई र शहरी क्षेत्रमा डुबानको उच्च जोखिम हुन सक्ने भएकाले देहाय बमोजिम पूर्वतयारी र सतर्कता अपनाउन निम्न कार्यहरू गर्न/गराउन सम्बन्धित सबैमा अनुरोध छः**

- रातको समयमा अत्यधिक वर्षा भइरहेको छ भने जोखिमयुक्त सडकमा सकेसम्म यात्रा नगर्ने।
- सम्बन्धित जिल्ला, स्थानीय तह, तीनवटै सुरक्षा निकाय, स्वयंसेवक तथा अन्य सरोकारवाला निकायहरूले आम सर्वसाधारणलाई सुसूचित गराई आवश्यक प्रतिकार्यका लागि तयारी अवस्थामा रहने।
- सडकमा पहिरो, ढुंगा खस्ने, सडक भासिने वा पानीको बहाव बढेको अवस्था देखिएमा जोखिम मोलेर बाटो पार नगर्ने। सुरक्षित स्थानमा रोकिने र सम्बन्धित निकायलाई जानकारी गर्ने गराउने र सम्भव भएसम्म जोखिमयुक्त राजमार्ग तथा सडकहरूमा डोजर, एक्साभेटर, लोडरलगायत आवश्यक उपकरण तथा साधनहरू तयारी अवस्थामा राख्ने।
- जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समिति, वडा कार्यालय, आपत्कालीन कार्य सञ्चालन केन्द्र तथा सुरक्षा निकायबाट जारी हुने निर्देशनको सबैले पालना गर्ने र जोखिमयुक्त स्थानमा बसोबास गर्ने व्यक्ति तथा घरपरिवारलाई विपद् हुनुपूर्व नै सुरक्षित स्थानमा स्थानान्तरण गर्न आवश्यक पहल गर्ने।
- जोखिमा क्षेत्रमा रहेका गर्भवती, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य सहयोग आवश्यक पर्ने व्यक्तिको पहिचान गरी विपद्को अवस्थामा उनीहरूको सुरक्षित स्थानान्तरणका लागि योजना बनाउने।
- वर्षा तथा बाढीसम्बन्धी जानकारीका लागि ११५५ मा सम्पर्क गर्नुका साथै, विपद्को समयमा सहयोग आवश्यक परेमा १२३४, नेपाल प्रहरीको हटलाइन १०० तथा सशस्त्र प्रहरी बल, नेपालको हटलाइन १११४ मा सम्पर्क गर्न सकिनेछ।
- नेपाल मौसम विज्ञान विभाग तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट जारी हुने अद्यावधिक मौसम पूर्वानुमान, पूर्वसूचना तथा चेतावनीसम्बन्धी जानकारी नियमित रूपमा लिइरहनुहुन अनुरोध छ।

२०८३।०६।०६

कृष्णबहादुर शाही
प्रवक्ता/ उपसचिव

नोटः प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र (PEOC): 091-521324
9762479328